# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम ।

प.सं.- २०८१।०८२
च.नं -

कोशी प्रदेश, नेपाल


मिति - २०८१।१२।२०

## नियम विपरित माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्य निषेध गरिएको सम्बन्धी सार्वजनिक सूचना ।

चुलाचुली गाउँपालिकाको सबै वडाहरु ( वडा नं १ देखी ६ सम्म ) मा हालसम्म यस गाउँपालिकाको कार्यालयले निजी जग्गा, सार्वजनिक जग्गा तथा चुरेक्षेत्रबाट माटो उत्खनन् तथा ओसारपसारका लागि कुनै पनि किसिमको इजाजतपत्र, अनुमति पत्र वा स्वीकृति पत्र प्रदान नगरिएको व्यहोरा जानकारी गराईन्छ । चुलाचुली गाउँपालिका क्षेत्रबाट निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार कार्य गाउँ कार्यपालिकाबाट स्वीकृत **निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि,२०८१** बमोजिम मात्र पाइने व्यवस्था रहेको हुँदा उक्त कार्यविधिले तोकेको सम्पूर्ण प्रकृयाहरु पुरा गरि जारी हुने उक्त कार्यविधिको अनुसूची -२ बमोजिमको निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार अनुमति पत्र प्राप्त गरेर मात्र सो कार्य गर्न पाइने हुँदा उक्त नियम विपरित निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी सम्पूर्ण कार्यहरु निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । नियम विपरित माटो उत्खनन् तथा ओसारपसार कार्य भए/गरेको पाइए प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

दिल कुमारी लिम्बु योङहाङ
**का.वा. अध्यक्ष**

का.वा. अध्यक्ष

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय, इलाम ।
श्री जिल्ला समन्वय समिति, इलाम ।
श्री वडा कार्यालयहरु सबै (१-६), चुलाचुली गाउँपालिका, इलाम ।
श्री प्रहरी चौकी पेल्टीमारी, चुलाचुली-३, इलाम ।
श्री सव डिभिजन वन कार्यालय, चुलाचुली-२, इलाम ।